# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : २ कागबेनी, मुस्ताङ, संख्या :२ मिति : २०७८ साल माघ २

भाग–२

## वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

### महिला स-शक्तिकरण कार्यक्रम संचालन कार्यविधी २०७८

कार्यपालिकाबाट स्वीकृत मिति: २०७८/०९/२८

### प्रस्तावना

गाउँपालिका भित्रका महिलाहरुलाई महिला स-शक्तिकरण कार्यक्रम मार्फत स्थानीय स्तरमा उपलब्ध श्रोत तथा जनशक्तिको उपयोग गरी स्वदेशमा नै रोजगारीका अवसर श्रृजना गर्दै गरिबी न्युनीकरण गर्ने र दिगो विकासको लक्ष्य हासिल गर्न महिलाहरुमा रहेको क्षमता र सीपको अधिकतम् उपयोग गर्ने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ तथा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्न बनेको ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी "महिला स-शक्तिकरण कार्यक्रम संचालन कार्यविधी, २०७८" स्वीकृत गरी जारी गरिएको छ।

### परिच्छेद १

#### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:-**

(क) यो कार्यविधीको नाम "महिला स-शक्तिकरण कार्यक्रम संचालन कार्यविधी, २०७८" रहेको छ।

(ख) यो कार्यविधी गाउँ कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुने छ।

**२. परिभाषा:-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा:-

(क) "ऐन" भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४" लाई जनाउने छ।

(ख) "सभा" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको गाउँसभालाई जनाउने छ।

(ग) "कार्यपालिका" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउने छ।

(घ) "महिला स-शक्तिकरण कार्यक्रम" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका बाट जारी गरिएको यसै कार्यविधीको अधीनमा रही संचालित महिला स-शक्तिकरण कार्यक्रम सम्झनु पर्छ।

(ङ) "महिला स-शक्तिकरण कोष" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्रका महिलाहरुलाई स-शक्तिकरण बनाउने गरी गाउँपालिका बाट महिला स-शक्तिकरण कार्यक्रमको लागि विनियोजन गरी खडा (स्थापना) गरिएको कोषलाई सम्झनु पर्छ।

(च) "कार्यविधी" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अन्तर्गत संचालित "महिला स-शक्तिकरण कार्यक्रम संचालन कार्यविधी, २०७८" लाई सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा महिला स-शक्तिकरण कोष संचालक समितिलाई सम्झनु पर्छ। र यसै कार्यविधी अनुसार बन्ने अन्य समितिहरुलाई समेत जनाउने छ।

(ज) "परियोजना" भन्नाले महिला स-शक्तिकरण कार्यक्रमको लागि तयार गरीएको प्रस्तावित कार्यक्रम/परियोजना लाई सम्झनु पर्छ।

(झ) "लक्षित वर्ग" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्र स्थायी बसोबास गर्ने महिला वा महिला समूहलाई बुझ्नु पर्छ।

(ञ) "अनुदान" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्र महिला स-शक्तिकरण कार्यक्रमको लागि स्वीकृत/छनौट भएका कार्यक्रम/परियोजना लाई सम्झौतामा उल्लेख भए अनुसार प्रदान गरिने रु. १० लाख सम्मको वस्तुगत, आर्थिक वा प्राविधिक सहयोगलाई जनाउने छ।

(ट) "प्रस्ताव" भन्नाले कार्यक्रमको विस्तृत विवरण सहित अनुदान माग गरिएको अनुसूची २ र ३ अनुसारको निवेदन सहितको परियोजना लाई जनाउने छ।

**३. कार्यक्रमको उद्देश्य र प्रभाव:-**

यस कार्यक्रमको मुख्य उद्देश्य यस गाउँपालिका भित्रका महिलाहरुलाई आर्थिक तथा सामाजिक रुपमा श-सक्तिकरण गरी उनीहरुको जीवनस्तर उकास्नु यसको प्रमुख उद्देश्य रहेको छ।

(क) कार्यक्रम संचालन भएपछि महिलाहरु आफ्नै गाउँमा स्वरोजगार हुनेछन्।

(ख) महिलाहरुमा उद्यमशिलता बढ्ने छ।

(ग) स्थानीय श्रोतको उच्चतम प्रयोग भई समग्र ग्रामीण अर्थतन्त्रमा सकरात्मक प्रभाव पर्नेछ।

# परिच्छेद २
## समिति

४. महिला स-शक्तिकरण कार्यक्रम संचालनका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ:-

४.१ कोष संचालक समिति:- महिला स-शक्तिकरण कार्यक्रम संचालनका लागि गाउँपालिकाका अध्यक्षको नेतृत्वमा देहाय बमोजिमको एक महिला स-शक्तिकरण कोष संचालक समिति गठन गरिने छ। यो समितिले कोषको व्यवस्थापन गर्ने छ।

क) गाउँपालिका अध्यक्ष – संयोजक

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

४.२ मुल्याङ्कन तथा स्वीकृति समिति:- महिला स-शक्तिकरण कार्यक्रम संचालनका लागि गाउँपालिकाका उपाध्यक्षको नेतृत्वमा देहाय बमोजिमको एक मुल्याङ्कन तथा स्वीकृति समिति गठन गरिने छ। यो समितिले प्रस्तावहरुको (कार्यक्रम/परियोजना) मुल्याङ्कन, छनौट तथा स्वीकृति प्रदान गर्ने छ।

क) गाउँपालिका उपाध्यक्ष – संयोजक

ख) अध्यक्षले मनोनित गरेको महिला सदस्य १ जना – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

४.३ अनुगमन समिति:- महिला स-शक्तिकरण कार्यक्रमको लागि छनौट भई अनुदान रकम प्राप्त गरेका उद्यमी/समूहहरुले अनुदानको रकम स्वीकृत कार्यक्रम/परियोजनामा सदुपयोग गरे नगरेको विषयमा अनुगमन गर्नको लागि देहाय बमोजिमको अनुगमन समिति गठन गरिने छ।

क) गाउँपालिका उपाध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना – सदस्य

ग) उद्यमी रहेको सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको वडा सदस्य १ जना – सदस्य

# परिच्छेद ३
## प्रस्ताव आह्वान तथा मूल्याङ्कन

**५. प्रस्ताव आह्वान:-**

महिला स-शक्तिकरण कार्यक्रम संचालनका लागि कोष संचालक समितिले कोषको व्यवस्थापन गरेपछि गाउँ कार्यपालिकाको कार्यलयले देहाय बमोजिम महिला स-शक्तिकरण कार्यक्रमको लागि प्रस्ताव आह्वान गर्ने छ।

५.१ कार्यालयले अनुसुची १ बमोजिमको ढाँचामा स्थानीय स्तरको दैनिक पत्रिका/कार्यालयको वेव साईट/सुचना पाटीमा महिला स-शक्तिकरण कार्यक्रमको प्रस्ताव आह्वानको १५ दिने सुचना प्रकाशित गर्ने छ।

५.२ कार्यालयले अनुसुची १ बमोजिमको सुचना प्रकाशित/सार्वजनिक भएको मितिले १५ दिन भित्र कार्यालय समयमा त्यस्तो कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक महिला/महिला समूहले आफुले गर्न चाहेको पेशा/व्यवसाय/कार्य खुलाएर त्यसको अनुमानित लागत, थप रकम आवश्यक पर्ने भए त्यसको

श्रोत, सम्भावित आय समेत खुलाएर सम्बन्धित वडाको सिफारित सहित अनुसुची २ बमोजिमको ढाँचामा आवेदन पत्र पेश गर्नु पर्ने छ।

५.३ अनुसुची २ बमोजिमको आवेदन साथ अनुसुची ३ बमोजिमको ढाँचामा संक्षिप्त कार्ययोजना प्रस्ताव समेत पेश गर्नु पर्ने छ।

**६.** दफा ५ बमोजिम पर्न आएका प्रस्ताव उपर मुल्याङ्कन तथा स्वीकृति समितिले प्रस्तावहरुको देहायको बमोजिम मुल्याङ्कन, छनौट तथा स्वीकृति प्रदान गर्न सक्ने छ।

६.१ आवेदक वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्रको स्थायी बासिन्दा वा दर्तावाला समूह हुनु पर्नेछ।

६.२ आवेदकले यसै गाउँपालिका भित्र परियोजना संचालन गर्नु पर्नेछ।

६.३ परियोजना उत्पादन, रोजगारमूलक वा महिला स-शक्तिकरणको लागि हुनु पर्नेछ।

६.४ एक पटक यस्तो अनुदान लिएको व्यक्ति/समूह पुनः यो कार्यक्रममा सहभागी हुन पाउने छैन।

६.५ तर, दफा ६.४ मा जे उल्लेख भएता पनि क्रमागत रुपमा बहुवर्षिय परियोजना संचालनको लागि स्वीकृत भएको छ भने प्राथमिकताका साथ अनुदान निरन्तरता दिन सकिने छ।

**७. प्राथमिकता दिनुपर्नेः –** कार्यक्रममा सहभागिताका लागी उसको वर्गीय अवस्था अनुसार प्राथमिकता क्रम तोकिने छ। यस्तो वर्ग विश्लेषणको आधार विज्ञहरुको समूहले गरेको आर्थिक स्तरीकरण सर्भेक्षण (गाउँपालिका प्रोफाईल) का आधारमा हुनेछ। गाउँपालिकामा यस्तो आर्थिक स्तरीकरण सर्भेक्षण नभएको भए सो व्यवस्था नहुन्जेल वडा कार्यालयको स्तरीकरण सिफारिसको आधारमा हुनेछ।

७.१ दलित महिला/महिला समूहहरुको परियोजनालाई प्राथमिकता दिईने छ।

## परिच्छेद ४
## भुक्तानी प्रकृया

**८. अनुदान भुक्तानी प्रकृयाः-**

८.१ प्राप्त आवेदनहरु माथि मुल्याङ्कन तथा स्वीकृति समितिले स्वीकृत गरेका परियोजनाहरुलाई परियोजना प्रस्तावक सँग कार्यालयले अनुसूची ४ बमोजिम सम्झौता गर्नेछ।

८.२ उपदफा १ बमोजिम सम्झौता भएको परियोजनाको लागि सम्झौता भएको मितिले १५ दिन भित्रमा पहिलो किस्ता स्वरुप स्वीकृत अनुदान रकमको ३३% पेश्की रकम अग्रिम प्रदान गरिने छ।

८.३ अनुगमन समितिको अनुसूची ५ बमोजिमको प्रगति प्रतिवेदन तथा सिफारिसको आधार तथा प्राविधिक मुल्याङ्कन गर्नुपर्ने भएमा प्राविधिक मुल्याङकन समेतको आधारमा बाँकी भुक्तानी गर्नुपर्ने रकम ३ महिना भित्र प्रदान गरिनेछ।

## परिच्छेद ५
## विविध

**१०. कोष दुरुपयोग हुनबाट रोक्नेः-** कोषको दुरुपयोग हुनबाट रोक्नको लागि उपयुक्त उपायहरु अपनाउने छ। सम्झौता बमोजिम परियोजना शुरु नगरेमा वा परियोजना शुरु गरी बीचमा छोडेमा वा

कबुलियत बमोजिम कार्य नगरेमा सम्झौता भंग गरी पेश्की वा किस्ता वा पुरै रकम लिईसकेको भएमा सरकारी नियम अनुसार उसूल उपर गरिने छ।

**११. महिला स-शक्तिकरण कार्यक्रम तथा कोषको अवधी:-** यस्तो महिला स-शक्तिकरण कार्यक्रमको प्रभावकारीता हेरी कोष संचालक समितिको सिफारिसमा कार्यक्रमलाई थप निरन्तरता दिन वा स्थगित गर्न सक्ने छ।

**१२. प्रचलित कानून लागु हुने:-** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुने छ।

**१३. कार्यविधि संशोधन तथा परिमार्जन:-** गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन वा संशोधन गर्न सक्ने छ।

अनुसूची १

(दफा ५ को उपदफा १ संग सम्बन्धित)

महिला स-शक्तिकरण कार्यक्रमको लागि प्रस्ताव आह्वानको १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति(......साल.../...महिना../...गते...)

यस कार्यालयको आर्थिक वर्ष २०..../..... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार महिला/महिला समूहहरुलाई महिला स-शक्तिकरण कोष मार्फत महिला स-शक्तिकरण प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक यस गाउँपालिकामा स्थायी बसोबास गर्ने महिला/महिला समूहहरुलाई आफ्नो परियोजना प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ। पुनश्च: आवेदन साथ तपशिल बमोजिमका कागजात संलग्न हुनु पर्नेछ। यो सुचना गाउँपालिकाको वेभ साईट www.varagungmuktichhetramun.gov.np मा पनि हेर्न सकिने छ।

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी वा समूहको हकमा समूह दर्ताको प्रमाण-पत्र – १ प्रति

२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना – १ प्रति

३. अन्य कागजातहरु (शैक्षिक योग्ता का प्रमाण पत्र, तालिम तथा अन्य अनुभवका प्रमाण पत्र, घर जग्गा भाडामा लिनु पर्ने भए घर जग्गा भाडाको सम्झौता पत्र आदि) का प्रतिलिपीहरु – आवश्यकतानुसार

नोट:- यस सुचनामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून र गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

अनुसूची २

(दफा ५ को उपदफा २ संग सम्बन्धित)

महिला स-शक्तिकरण कार्यक्रमको अनुदान प्राप्त गर्नको लागि निवेदनको ढाँचा

मिति:- (......साल.../...महिना../...गते...)

श्रीमान् प्रमुख प्रशाकीय अधिकृत ज्यू,
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कागबेनी, मुस्ताङ।

विषय:- अनुदान सहयोग उपलब्ध गराईदिने बारे।

महोदय,

म/हामीलाई उक्त महिला स-शक्तिकरण कार्यक्रमको अनुदान प्राप्त गरी ............................कार्य/परियोजना संचालन गरी महिला स-शक्तिकरण कार्यक्रम संचालन गर्न तीब्र ईच्छा भएकोले निम्न अनुसारका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं। मैले/हामीले उक्त अनुदान प्राप्त गरेमा यसै गाउँपालिका भित्रै प्रस्तावित परियोजना संचालन गरी स-शक्त बन्ने छु/छौं। तसर्थ म/हामीलाई उक्त अनुदान सहयोग उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/गर्दछौं। श्रीमान् को जो आदेश।

दस्तखत

.....................................

निवेदकको नाम:-
ठेगाना:-
मोवाईल नं:-
ईमेल ठेगाना:-
मिति:-

तपशिल:-

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी वा समूहको हकमा समूह दर्ताको प्रमाण-पत्र – १ प्रति
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना – १ प्रति
३. अन्य कागजातहरु (शैक्षिक योग्ता का प्रमाण पत्र, तालिम तथा अन्य अनुभवका प्रमाण पत्र, घर जग्गा भाडामा लिनु पर्ने भए घर जग्गा भाडाको सम्झौता पत्र आदि) का प्रतिलिपीहरु – आवश्यकतानुसार

## अनुसूची ३
(दफा ५ को उपदफा ३ संग सम्बन्धित)

महिला स-शक्तिकरण कार्यक्रमको अनुदान प्राप्त गर्नको लागि परियोजना प्रस्तावको ढाँचा

१. प्रस्तावित परियोजना/व्यवसायको नाम:-
२. प्रस्तावित परियोजना/व्यवसाय संचालन गर्ने ठेगाना:-
    क. जिल्ला:- मुस्ताङ

ख. गाउँपालिका:- वारागुङ मुक्तिक्षेत्र

ग. वडा नं:-

घ. गाउँ/टोल:-

३. प्रस्तावित परियोजना/व्यवसायको मुख्य काम/क्रियाकलाप:-

क.

ख.

ग.

घ.

४. प्रस्तावित परियोजना/व्यवसायको वित्तिय संरचना:-

क. माग गरिएको अनुदान रकम रु:-

ख. निजी वा सामूहिक लगानी रु:-

ग. परियोजनाको जम्मा लागत रकम रु:-

५. प्रस्तावित परियोजना/व्यवसाय बाट लाभान्वित हुनेको परिवार संख्या:-

६. प्रस्तावित परियोजना/व्यवसाय संचालन हुने जग्गाको क्षेत्रफल:-

७. प्रस्तावित परियोजना/व्यवसायमा प्रयोग हुने प्रविधि:-

८. प्रस्तावित परियोजना/व्यवसायमा प्रयोग हुने जनशक्ति संख्या:-

क. आफ्नै परिवार सदस्य:- महिला:- जना पुरुष:- जना

ख. कामदार/श्रमिक संख्या:- महिला:- जना पुरुष:- जना

९. प्रस्तावित परियोजना/व्यवसाय बाट उत्पादित बस्तुको बजार व्यवस्था:-

१०. प्रस्तावित परियोजना/व्यवसायबाट अपेक्षित वार्षिक प्रतिफल:-

दस्तखत

.....................................

निवेदकको नाम, थर:-

निवेदकको ठेगाना:-

मिति:-

अनुसूची ४

(दफा ८ को उपदफा १ संग सम्बन्धित)

महिला स-शक्तिकरण कार्यक्रमको अनुदानको लागि परियोजना सम्झौता पत्रको ढाँचा

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका र ...........................................का बीच मिति ................................................ मा

गाउँ कार्यपालिकाको कार्यालय, कागबेनी (जसलाई यसपछि प्रथम पक्ष भनी उल्लेख हुनेछ) र श्री..................................(जसलाई यसपछि दोश्रो पक्ष भनी उल्लेख हुनेछ) का बीच मुल्याङ्कन तथा स्वीकृति समितिको मिति..............................................को निर्णय अनुसार..................................स्थानमा ........................कार्यका लागि प्रथम पक्षले महिला स-शक्तिकरण अनुदानको रकम रु....................उपलब्ध

गराउन र दोश्रो पक्षले.........................................कार्य गर्ने गरी तपशिल बमोजिमका शर्त, बन्देज तथा दायित्वका अधीनमा रही गर्न यो सम्झौता पत्रमा पूर्ण मञ्जुरीका साथ सहीछाप गरी लियौं/दियौं।

**शर्तहरुः-**

१. कार्यक्रमको सम्झौता रकम रु...................हुनेछ, प्रथम पक्षले दोश्रो पक्षलाई कार्यक्रम शुरु गर्न ३३% पेश्की रकम उपलब्ध गराउने छ।

२. दोश्रो पक्षले स्वीकृत परियोजना ...........................मिति र समय भित्र सम्पन्न गरी सक्नु पर्नेछ। सम्पादन गरिने कार्य गुणस्तरीय र उपलब्धी मूलक हुनु पर्नेछ।

३. प्रथम पक्षले कार्य सम्पादनको प्रगतिको आधारमा दोश्रो किस्ता रकम दोश्रो पक्षलाई सोधभर्ना स्वरुप उपलब्ध गराउने छ। दोश्रो किस्ताको रकम भूक्तानी गर्दा पेश्की रकम कटाई बाँकी भुक्तानी हुनेछ।

४. प्रथम पक्षको तर्फबाट अनुगमन समितिले सम्पादित कार्यको समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने छ। सो को प्रतिवेदन प्राप्त भएपछि दोश्रो किस्ता भूक्तानीको लागी प्रकृया अगाडी बढाईने छ। अन्तिम किस्ता रकम कार्य सम्पन्न नगरी भूक्तानी गरीने छैन। अनुगमन समितिले कार्य सम्पन्न प्रतिवेदन प्रस्तुत गरेपछि मात्र अन्तिम किस्ता रकम भुक्तानी दिईने छ।

५. यस सम्झौता बमोजिम दोश्रो पक्षले परियोजना शुरु नगरेमा वा परियोजना शुरु गरी बीचमा छोडेमा वा कबुलियत बमोजिम कार्य नगरेमा प्रथम पक्षले .......................कार्यको सम्झौता भंग गर्न सक्नेछ। यसरी सम्झौता भंग गरेमा दोश्रो पक्षले प्रथम किस्ता वा पेश्की स्वरुप कुनै रकम लिईसकेको भएमा सरकारी नियम अनुसार उसूल उपर गरिने छ।

६. परियोजना कार्यान्वयनको कार्ययोजना कार्यतालिका प्रथम पक्षलाई दोश्रो पक्षले उपलब्ध गराउनु पर्नेछ।

७. यो सम्झौता कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा आपसी सहमती बाट विवाद टुङ्गो लगाईने छ। सहमतीबाट विवाद टुङ्ग्याउन नसकेमा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

८. यस सम्झौता पत्रमा उल्लेख नभएका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन २०६३, गाउँपालिकाको महिला स-शक्तिकरण कार्यक्रम संचालन कार्यविधी २०७८, तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

९. प्रथम पक्षबाट प्राप्त रकमको लेखापरीक्षण गराउने दायित्व दोश्रो पक्षको समेत हुनेछ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| दस्तखत:- | दस्तखत:- |
| श्री..............................., | श्री..............................., |
| प्रमुख प्रशासकीय अधिकृत | ठेगाना:-..................... |
| वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| कागबेनी, मुस्ताङ। | |

साक्षी:-
श्री....................................

साक्षी:-
श्री....................................

ईति सम्बत् २० साल महिना गते रोज......................................शुभम्।

अनुसूची ५
(दफा ८ को उपदफा ३ संग सम्बन्धित)
महिला स-शक्तिकरण कार्यक्रमको अनुगमन फारामको ढाँचा

१. परियोजना/व्यवसायको नाम:-
२. संचालक/आवेदकको नाम, थर:-
३. परियोजना/व्यवसाय संचालन भएको ठेगाना:-
४. परियोजना/व्यवसायको सम्झौता भएको मिति:-
५. सम्झौता अनुसार कार्य सम्पन्न हुने मिति:-
६. प्रगति विवरण तालिका:-

| क्र.सं. | विस्तृत विवरण | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | सम्झौतामा भएको मितिमा कार्य शुरु भए/नभएको | | | |
| २ | सम्झौतामा भएको स्थानमा कार्य भए/नभएको | | | |
| ३ | मुख्य कार्यक्रमको भौतिक | | | |
| ४ | मुख्य कार्यक्रमको आर्थिक | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

प्रतिवेदनः-

१. कार्यक्रम सम्पन्न भएको/हुन लाग्ने समयः-

२. मुख्य कार्यक्रमको भौतिक प्रगति प्रतिशत र आर्थिक प्रगति प्रतिशत भएको।

३.

उपर्युक्त व्यहोरा देखिएको हुँदा सो अनुसारको आधारमा भुक्तानी हुन सिफारिस गरिन्छ/गरिँदैन।

अनुगमन समितिको

| क्र.सं. | पदाधिकारिको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | | संयोजक | |
| २ | | सदस्य | |
| ३ | | सदस्य | |

आज्ञाले

ज्ञानेन्द्र शर्मा

प्रमुख प्रशासकीय अधिकृत